# रुवीभ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,

## २०७५

## रुवीभ्याली गाउँपालिका

**धादिङ**

# रुवीभ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,

# २०७५

## रुवीभ्याली गाउँपालिका

**धादिङ**

(मिति २०७५।०४।०४ मा सम्पन्न कार्यपालिकाको तस्रो बैठकबाट पारित)

रुवीभ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५।०४।०४ स्थानीय

राजपत्रमा प्रकाशित मिति : २०७५।०४।०४

## २०७५ सालको ऐन नं. १

प्रस्तावना:नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिम रुवीभ्याली गाउपाँलिकाको सभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम रुवीभ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन रुवीभ्याली गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले रुवीभ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले रुवीभ्याली गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) “गाउँपालिका”भन्नाले रुवीभ्याली गाउँपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य

जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रुवीभ्याली गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रुवीभ्याली गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।